**तलकोट गाउँपालिका**

Talkot Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

**तलकोट, बझाङ्ग** **सुदूरपश्चिम प्रदेश,नेपाल**

Talkot, Bajhang Sudhurpashchim Province, Nepal

**पत्र संख्या: २०८०/०८१**
**चलानी संख्या:** ३४८

**ने.सं. ११४४ अंलागा चतुर्दशी मंगलवार** **मितिः २०८१/०६/१५ गते**

विषयः विद्यालय लेखा परीक्षकको लागि पुनः आशय पत्र पेश गर्ने सम्बन्धि सूचना।

प्रस्तुत विषयमा यस तलकोट गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय,सामुदायिक सिकाइ केन्द्रको आ.व २०८०/०८१ को लेखा परीक्षण गर्ने प्रयोजनका लागि नेपाल सरकारको मान्यता प्राप्त चार्टर्ड एकाउन्टेन्ट्स (ICAN) बाट लेखा परीक्षकको इजाजत प्राप्त इच्छुक फर्म वा लेखापरीक्षकहरुबाट रु १००० को राजस्व दाखिला रसिद सहितको निवेदन माग गरिएकोमा नेपाल सरकार,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आर्थिक प्रशासन शाखाको पत्र सङ्ख्या २०७५/०७६,च.नं २७६,मिति २०७५/०६/१५ गतेको पत्रानुसार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) मा आवद्ध लेखा परीक्षक बाट शुल्क उठाउन नपाइने भनी लेखिएकोले पुनः राजश्व दाखिला नगर्ने गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस तलकोट गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र तपसिल बमोजिमका कागजातहरु सहित विद्यालय लेखापरीक्षकको लागि आशय पत्र पेश गनुर्हुन यो सूचना प्रकाशित गरिएको छ। आवश्यक कागजात अपुग भएको र समय अवधि समाप्त भई प्राप्त भएको निवेदन दर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

नरजित ब्र. खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत

**तपसिलः**

१. लेखा परीक्षकको निवेदन ( सम्पर्क नम्बर अनिवार्य मिति २०८१/०६/१४ भित्र पेश भएका निवेदकहरुले पुनः निवेदन पेश गरिरहनु नपर्ने)
२. लेखापरीक्षण सम्वन्धी नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी।
३. ( ICAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी।
४. आ.व २०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।
५. पेशागत प्रमाणपत्रको प्रतिलिपी।
६. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

**पुनश्चः** कुनै आवेदक आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० मा तलकोट गाउँपालिका अन्तर्गतका विद्यालयको लेखापरीक्षण गर्न छनौट भएको भए,समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन बुझाएको हुनुपर्नेछ। विगत आर्थिक वर्षहरुमा तलकोट गाउँपालिकाबाट नियुक्त भएका लेखापरीक्षकमध्य आफु खटिएको विद्यालयको लेखापरीक्षण तोकिएको समयमा सम्पन्न नगर्ने तथा समयमै प्रतिवेदन नबुझाउने लेखापरीक्षकलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**श्री सूचना प्रविधि शाखाः सूचना वेवसाइटमा अपलोड गरी सम्प्रेषण गरिदिनु हुन।**